Reg. No. 681 SWC Aff. No. 15556

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

## प्रेस विज्ञप्ति :

हाल सशस्त्र प्रहरीको भर्नाको प्रक्रिया शुरु भइरेको छ । सो भर्नाका क्रममा देशका विभिन्न भागमा समावेशी कोटामा निवेदन दिन चाहने दलितहरुका लागि राष्ट्रिय दलित आयोगको दलित भएको प्रमाण पत्र खोजेर झन जटिल प्रक्रिया अवलम्बन गरी दुर्गम तथा गरीव दलितहरुका लागि समस्या श्रृजना गरेको व्यवहारप्रति राष्ट्रिय दलित नेटवर्कको गम्भिर ध्यान आकर्षण भएको छ । त्यसमा पनि नेपाल सरकारको नागरिकता, राहाधानी लगायतका परिचय खुलाउने आधिकारिक निकाय जिल्ला प्रशासन कार्यालयले प्रमाणित गर्दा पनि अमान्य भएको भन्दै फिर्ता पठाउने सशस्त्र प्रहरी प्रशासनको व्यवहार भर्त्सनायोग्य छ । नेपाल सरकारको अभिन्न अंग सशस्त्र प्रहरी बललाई सरकारकै एक निकाय राष्ट्रिय दलित आयोग काठमाडौंमा मात्र केन्द्रीत छ भन्ने कुरा जानकारी भएकै हुनुपर्दछ । काठमाडौमा मात्र कार्यालय भएको राष्ट्रिय दलित आयोगको सिफारिश मागेर प्रक्रिया सहज बनाउनुको सट्टा जटिल बनाउनुले सरकार दलितप्रति सकारात्मक छ भन्ने सहजै अनुमान गर्न सकिन्छ । त्यसैले आफ्नै म.त्रालय तथा अन्तरमंत्रालयहरु बीचको समन्वयमा यस्ता व्यवहारिक समस्याहरु हल गर्न हार्दिक अनुरोध गर्न चाहन्छौं ।

उक्त जटिलतालाई व्यवहारिक बनाउन राष्ट्रिय दलित आयोगले केन्द्रमा गृह प्रशासनसंग समन्वय गरेर वा जिलला स्थित दलित विकास समितिलाई यसको आधिकारिता प्रदान गर्ने अधिकार दिएर वा संबन्धित क्षेत्रमा दलित आयोगका सदस्यलाई खटाएर भए पनि निजवेदन प्रक्रिया सहज बनाउन जोडदार माग गर्दछौं ।

दलित आन्दोलनको लामो समयपछिको उपलब्धीका रुपमा नेपालको अन्तरिम संधिान २०६३ र त्यसपछिको विभिन्न घोषणा तथा सहमति अनुसार दलित समुदायको विभिन्न निकायमा वैज्ञानिक आरक्षणको व्यवस्था हुदै आएकोमा हामी हार्दिक स्वागत गर्दछौं । यसलाई थप वैज्ञानिक र प्रभावकारी वनाउने हाम्रा प्रयत्नहरु निरन्तर जारी रहेका छन । त्यसैले एउटै गृहमंत्रालय अन्तरगत जिल्ला प्रशासन कार्यालयको सिफारिश सोही मंत्रालयको सशस्त्र प्रहरी बलले नमान्ने अलोकतान्त्रिक पद्धति प्रदर्शन नगर्न हामी पुन: अनुरोध गर्न चाहन्छौं ।

मिति २०६८ मंसिर २८ गते ।

गणेश वि.के..
अध्यक्ष, RDN नेपाल